**Prāgyik Prabāha** Vol. 12, No. 1: 105-114, August, 2024 Tribhuvan University Teachers' Association, Tribhuvan Multiple Campus, Tribhuvan University, Nepal
**DOI: https://doi.org/10.3126/pp.v12i1.69987**

# 'विराट पुरुष र जातको क्वारेन्टाइन' कवितामा सीमान्तीयता

***टंकप्रसाद भट्टराई***
*tankabhattarai21@gmail.com*
*सहप्राध्यापक नेपाली*
*त्रिभुवन विश्वविद्यालय, त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा*

*Article History: Received 18 March 2024; Reviewed 25 June 2024; Revised 15 July 2024; Accepted 26 August 2024*

**लेखसार**

*प्रस्तुत लेख 'विराट् पुरुष र जातको क्वारेन्टाइन' कविताको विश्लेषणमा केन्द्रित रहेको छ । यो कविता आर.बी. निश्चलको उल्टो धार कवितासङ्ग्रहमा समाविष्ट छ । यस कवितामा कोरोनाकालीन क्वारेन्टाइनलाई बिम्ब र प्रतीक तुल्याई कोरोना सङ्क्रमितलाई अन्य व्यक्तिको सम्पर्कबाट अलग्गै राखिने गरेको विषयका माध्यमबाट युगौँदेखि समाजमा विद्यमान जात व्यवस्थाले दलितलाई अछुत भन्दै आएको र विभेद गर्ने गरेको विषयलाई प्रस्तुत गरिएको छ । कुनै पनि रोगबाट सङ्क्रमित नरहेको स्वस्थ मानिसलाई सङ्क्रमितलाई जस्तो अछुतको व्यवहार गर्ने विराट् पुरुष भनिने समाजप्रति प्रश्न गर्दै समानताका लागि आवाज उठाइएको प्रस्तुत कविताले जातीय रूपमा सीमान्तवर्गका आवाज उठाएको छ र तिनलाई समाजले समानताको व्यवहार गर्नुपर्ने आवाज उठाएको छ । जातीय रूपमा किनारामा पारिएकाहरूको आवाज उठाइएकाले प्रस्तुत कविता सीमान्तीयताको महत्त्वपूर्ण अभिव्यक्ति हो । प्रस्तुत अनुसन्धानमूलक लेखलाई 'विराट् पुरुष र जातको क्वारेन्टाइन' कविता सीमान्तीयताका दृष्टिले केकस्तो रहेको छ ? भन्ने समस्यामूलक प्रश्नमा केन्द्रित रहेर निगमनात्मक विधिअन्तर्गत प्रायोगिक अध्ययनमा केन्द्रित रही व्याख्यात्मक विश्लेषणात्मक विधिको प्रयोग गरी अध्ययनलाई सम्पन्न गरिएको छ । प्रस्तुत कविता सीमान्तीयताको प्रस्तुतिका दृष्टिले सशक्त र महत्त्वपूर्ण रहेको निष्कर्ष निकालिएको छ ।*

***शब्दकुञ्जी :*** *क्वारेन्टाइन, जातव्यवस्था, निरङ्कुशता, वर्गीय विभेद, सबाल्टर्न,*

## विषयपरिचय

'विराट् पुरुष र जातको क्वारेन्टाइन' शीर्षकको कविता आर.बी. निश्चलले लेखेका हुन् । २०४१ सालमा जन्मिएका निश्चलले २०५२ सालबाट कविता लेख्न थालेका हुन् । मूलतः दार्शनिक, मानवतावादी र जातीय सीमान्तीयतालाई कवितामा प्रस्तुत गर्न मन पराउने निश्चलका हालसम्म प्रकाशित कविताकृतिहरूमा *मौन हिमाल* (२०६२), *सपना फूल* (२०६२), *आँसु खस्दै गर्छ* (२०६३), *पैताला पुकार* (२०७३), *किस्ताकिस्तामा जिन्दगी* (२०७६), र *उल्टो धार* (२०८०) रहेका छन् । प्रस्तुत विश्लेष्य कविता

उनको पछिल्लो कृति *उल्टो धार*मा समाविष्ट छ । प्रस्तुत कृतिभित्रका कवितालाई कवि निश्चलले 'समयचिन्तन', 'प्रश्न' र 'आफ्नै आँखा' शीर्षकका तीन खण्डमा विभक्त गरेका छन् । पहिलो खण्डमा अठार, दोस्रो खण्डमा बाह्र र तेस्रो खण्डमा अठार गरी गद्य लयमा लेखिएका कुल अड्चालिसवटा कविता समाविष्ट रहेका छन् । 'विराट् पुरुष र जातको क्वारेन्टाइन' शीर्षकको कविता कृतिको चौथो क्रममा रहेको छ ।

प्रस्तुत कविता 'विराट् पुरुष र जातको क्वारेन्टाइन' चार खण्ड र आठ अनुच्छेदमा विभक्त छ । कविले प्रथमपुरुष कथन पद्धतिको प्रयोग गरी आफूलाई वर्गीय विभेदमा परेका वर्गका प्रतिनिधि तुल्याई विराट् पुरुषलाई वर्गीय विभेद गर्ने वर्गको प्रतिनिधिका रूपमा प्रस्तुत गरेका छन् । कोरोना कालमा कोराना सङ्क्रमित हुनसक्ने सम्भावित व्यक्तिलाई क्वारेन्टाइनमा राख्ने र उनीहरूलाई नछोएर टाढैबाट सहयोग गर्ने व्यवस्थासँग युगौँदेखि जातीय विभेद गरी दलित वर्गलाई अछुतको व्यवहार गर्ने प्रवृत्तिलाई कविताको विषय बनाइएको छ । यसरी दलित भनी विभेद गरेर किनारामा पारिएकाहरूको अभिव्यक्तिका रूपमा प्रस्तुत गरिएकाले कवितामा सीमान्तकृत चेतनाको अभिव्यक्ति पाइन्छ ।

आर.बी. निश्चल समकालीन नेपाली साहित्यको मूलधारका स्रष्टा मानिन्छन् । त्यसकारण उनका कविताहरूको अध्ययन भएको पाइन्छ । उनका कवितासङ्ग्रहलाई सीमान्तीयताको सैद्धान्तिक पर्याधारमा समेत अध्ययन गरेको पाइन्छ । उनको उल्टो धार कवितासङ्ग्रहलाई स्रोत सामग्रीका रूपमा चयन गरेर मानवतावादी तथा सीमान्तीयताका आधारमा अध्ययन गरेको पाइन्छ । सीमान्तीयताका दृष्टिकोणले 'विराट् पुरुष र जातको क्वारेन्टाइन' कविता ज्यादै महत्त्वपूर्ण रहको भए पनि समग्र कृतिको अध्ययनका क्रममा यस कविताको गहन अध्ययन हुन सकेको देखिँदैन । अतः 'विराट् पुरुष र जातको क्वारेन्टाइन' कवितामा सीमान्तीय अभिव्यक्तिको प्रयोग केकसरी गरिएको छ ? भन्ने समस्यामूलक प्रश्नमा केन्द्रित रहेर अध्ययनलाई अगाडि बढाइएको छ । निगमनात्मक, व्याख्यात्मक, विश्लेषणात्मक विधिको प्रयोग गरी अध्ययनलाई सम्पन्न गरिएको प्रस्तुत लेखको उद्देश्य 'विराट् पुरुष र जातको क्वारेन्टाइन' कवितालाई सीमान्तीयताको सैद्धान्तिक पर्याधारमा विश्लेषण गर्नु रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत लेख 'विराट् पुरुष र जातको क्वारेन्टाइन' कविताको विश्लेषणात्मक अध्ययनमा केन्द्रित रहेको छ । प्रस्तुत अध्ययन सैद्धान्तिक विश्लेषणमा केन्द्रित रहेकाले अध्ययनलाई निगमनात्मक विधिमा आधारित रहेर अगाडि बनाइएको छ । अध्ययनको मुख्य स्रोत सामग्रीका रूपमा आर.बी. निश्चलद्वारा लेखिएको *उल्टो धार* कवितासङ्ग्रहमा समाविष्ट 'विराट् पुरुष र जातको क्वारेन्टाइन' कविता रहेको छ । अध्ययनलाई सम्पन्न गर्न पुस्तकालय स्रोतअन्तर्गत रहेर द्वितीय स्रोतसामग्रीको उपयोग गरिएको छ भने व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरी अध्ययनलाई सम्पन्न गरिएको छ ।

## सीमान्तीयताको सैद्धान्तिक पर्याधार

सीमान्तीय समालोचनालाई किनारीकृत समालोचना पनि भनिन्छ । उत्तर आधुनिक बहुलवादी समालोचनाअन्तर्गत पर्ने यस समालोचनालाई अंग्रेजीमा सबाल्टर्न भनिन्छ । सबाल्टर्न शब्दले साहित्यको जुन वैशिष्ट्यलाइ बुझाउँछ, त्यस्तो साहित्यमा लामो समयदेखि अझ भनौँ युगौँदेखि विभिन्न कारणले पछि परेका र पारिएका वर्ग, समाज वा समुदायद्वारा दमन गरेर राखिएका क्षेत्र, वर्ग, जाति, लिङ्ग, समुदाय,

भाषाभाषी, आदिसँग सम्बन्धित विषयलाई उठान गरिएको हुन्छ । त्यसप्रकारको साहित्य नै सबाल्टर्न साहित्य अर्थात् सीमान्तीय साहित्य हुन्छ (गैरे, २०७८-२०७९, पृ. १९०) । यसप्रकारका सीमान्तीय वर्ग समुदायका विषयलाई उठाइएका रचना वा कृतिलाई त्यही पक्षको केकस्तो प्रस्तुति केकसरी गरिएको छ ? भनेर गरिने अध्ययन सीमान्तीय समालोचनाअन्तर्गत पर्दछ ।

सबाल्टर्न शब्द धेरै अघिदेखि प्रयोग हुन थालेको मानिन्छ । सत्रौँ अठारौँ शताब्दीमा यस शब्दले तल्लो वा पिछडिएको वर्गलाई बुझाउन थालेको देखिन्छ । वर्तमान अवस्थामा सीमान्तीय शब्द आर्थिक, लैङ्गिक, जातीय पेसा आदि विभिन्न दृष्टिले पछि परेको वर्गलाई बुझाउन प्रयोग हुने गरेको देखिन्छ ।यस प्रकारको अर्थका लागि यस शब्दको प्रथम प्रयोग आन्तोनियो ग्राम्चीद्वारा भएको मानिन्छ (श्रेष्ठ, २०६८, पृ. १६) । ग्राम्चीलाई मार्क्सका अर्थतन्त्रसम्बन्धी साँघुरो दृष्टिकोणलाई सामुहिक प्रयासद्वारा व्यापकता प्रदान गरेको श्रेय प्राप्त छ । यिनका अनुसार सीमान्तीय भनेको त्यो तल्लो वर्ग हो जुन सम्भ्रान्त वर्गबाट र शासकबाट दमित रहन्छ । यस्तो वर्ग कहिल्यै पनि इतिहास, संस्कृति, सभ्यता आदि निर्माणको मूलधारमा सहभागी हुन सक्दैन वा पाउँदैन (लोवाइ, सन् २०१२, पृ. ५) । इतिहास लेखनका सन्दर्भबाट अगाडि आएको सीमान्तीयतासम्बन्धी अवधारणा मूलतः भारतीय इतिहासलेखनको प्रसङ्गसँग जोडिएको देखिन्छ । भारतीय इतिहासलेखनमा वर्गीय विभेद हुने र सीमान्त वर्गले ठाउँ नपाउने कुराका विषयमा आवाज उठ्न थालेको अवस्थामा सन् १९८२ मा दक्षिण एसियामा पछि परेका र पारिएका वर्गले आफ्नो इतिहास आफै लेख्ने उद्देश्यका साथ सबाल्टर्न अध्ययन अभियान थालिएको मानिन्छ । यसको नेतृत्व इतिहासविद् रञ्जित गुहाले गरेका थिए । पछि परेका र पारिएकाको इतिहासलाई मूल धारमा ल्याउनुपर्छ भन्ने उद्देश्यका साथ १९८०/१९९० का दशकमा सबाल्टर्न अध्ययनले गति पाएको देखिन्छ (उप्रेती, २०६८, पृ. २८६) । त्यस कार्यले सबाल्टर्न वर्गको इतिहासलाई स्थापित गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । रञ्जित गुहा र उनका साथीहरूले भारतको इतिहासभित्र त्यही दमित, मौन तर आफ्नो समयमा सानै ठाउँमा भए पनि वाचाल इतिहासको खोजी गरेका थिए (सुवेदी, २०६८, पृ. xviii) गायत्री चक्रवर्ती स्पिवाकले सीमान्तीय अध्ययनलाई पछि परेका र पारिएका नारीमा केन्द्रित गरेर अगाडि बढाएको पाइन्छ । उनले सबाल्टर्नले आफ्नो आवाज स्वयं उठाउनुपर्छ भन्ने मान्यता प्रस्तुत गरिन् तर पछि सबाल्टर्नले बोल्न सक्दैन र बोल्न सक्ने वर्ग सबाल्टर्न रहँदैन भन्ने विचार प्रस्तुत गरेको देखिन्छ । सबाल्टर्न के हो ? सबाल्टर्न वर्ग, समुदाय कुन हो भन्ने विषयमा उठेका विविध दृष्टिकोणमध्ये स्पीवाकको सबाल्टर्नले आफ्नो आवाज स्वयं उठाउनुपर्छ भन्ने मान्यतासँग निश्चलको 'विराट् पुरुष र जातको क्वारेन्टाइन' कविता अत्यधिक निकट देखिन्छ । यस मान्यताले सबाल्टर्नका पीडा र समस्यालाई अरुले बुझेको हुँदैन तसर्थ त्यसको वास्तविक प्रस्तुति स्वयं सबाल्टर्नले गर्न सक्छ भन्ने मान्यताअनुरूप प्रस्तुत कविता युगौँदेखि जातीय विभेदमा परेका म पात्रको अभिव्यक्तिका रूपमा प्रस्तुत भएको पाइन्छ । अतः यही दृष्टिकोणका केन्द्रीयतामा प्रस्तुत कविताको विश्लेषणात्मक अध्ययन गरिएको छ ।

## विमर्श र नतिजा

कवि आर. बी. निश्चलको पाँचौं कवितासङ्ग्रह *उल्टो धार*मा समाविष्ट 'विराट् पुरुष र जातको क्वारेन्टाइन' समाजमा विद्यमान जातीय विभेदको विषयलाई प्रस्तुत गरिएको कविता हो । स्मीत व्यङ्ग्यका माध्यमबाट समाजका कथित उपल्लो भनाउँदा वर्गलाई कविले विराट् पुरुषको संज्ञा दिएका छन् । पछिल्लो

समयमा महामारीका रूपमा विश्वव्यापीकरण भएको कोरोनाबाट बच्ने उत्तम उपायका रूपमा अवलम्बन गरिएको विधिलाई क्वारेन्टाइन नामबाट चिनाउने काम गरिएको थियो । एउटा मान्छेबाट अर्को मान्छेमा स्पर्श आदि माध्यमबाट सर्ने र अति छिटो स्वास्थ्यमा आक्रमण गर्ने हुनाले व्यक्ति, परिवार, समुदाय र समाजले आफूलाई अरुबाट टाढा राख्ने, विशेषतः कोरोना सङ्क्रमणका सम्भावित क्षेत्रबाट आएका व्यक्तिलाई अलग्गै राख्न बनाइएको ठाउँलाई क्वारेन्टाइन भन्ने गरियो । त्यहाँ बसेर कोरोना परीक्षण गरेपछि बल्ल परिवार र समाजमा प्रवेश गर्ने व्यवस्था गरियो । यसरी सम्भावित कोरोना सङ्क्रमितलाई अलग्गै राख्ने व्यवस्थालाई भनिएको क्वारेन्टाइन शब्दलाई कवि निश्चलले जातीय विभेदको विषयसँग जोडेर त्यसलाई प्रतीकको रूपमा प्रयोग गरेका छन् । यसरी कोरोना सम्भावित व्यक्तिसरह अलग्गै गरिने र तिनलाई छुँदा कोरोना सरेजस्तै छुनै नहुने व्यवस्थाको परम्परा रहिआएको सन्दर्भलाई प्रस्तुत गर्दै कविले त्यसका विरोधमा आवाज उठाउने कार्य गरेका छन् ।

कवितामा समाजमा विद्यमान जातीय व्यवस्था र कथित उच्च जातका भनाउँदाहरूले तल्लो जातका भनाउँदाहरूप्रति गर्दै आएको विभेदका कारण उनीहरू सदैव अवसर र सम्भावनाबाट टाढा हुनुपरेको विषय अभिव्यक्त भएको छ । हरेक अवसरहरूबाट वञ्चित हुँदै आएका ती पिछडा वर्ग चेतनाका दृष्टिले पनि पछि पर्नुपर्दा सधै किनारामा रहनु परेको अवस्थाप्रति कवितामा सङ्केत गरिएको छ । माथि उठ्न चाहने र माथि उठ्न खोज्ने उनीहरूका चाहना, इच्छा र प्रयत्नलाई दबाएर थिचेर राख्ने गरेको र माथि उठ्न नदिने गरेकाले उनीहरू सधै किनारीकृत हुन बाध्य बनेको विषय कविताको केन्द्रीय कथ्यका रूपमा प्रस्तुत भएको छ भने आफूलाई ईश्वरीय विराट् पुरुष सम्झनेहरूलाई चेतनाको विकासले गर्न सक्ने विद्रोहको चेतावनी दिँदै आफ्नै चेतनाले गतिशील बनेर वा परिवर्तित भएर वर्गीय विभेदको अन्त्यका लागि अग्रसर हुनुपर्ने कामना समेत कविले गरेको देखिन्छ ।

प्रस्तुत कवितामा प्रथम पुरुष केन्द्रीय कथन पद्धतिलाई अवलम्बन गरी वर्गीय विभेदमा परेका सीमान्तीय वर्ग म पात्रका रूपमा उपस्थित भएको छ । उसले माथिल्लो वर्गलाई विराट् पुरुषको संज्ञा दिएको छ र उसलाई सम्बोधन गरी विभेदकारी यथास्थितिवादी प्रवृत्तिलाई प्रस्तुत गर्दै यस प्रकारको विभेद निरर्थक र निराधार रहेको तथ्यलाई कोरोनासङ्क्रमणको सन्दर्भका माध्यमबाट प्रस्तुत गरेको पाइन्छ । युगौंदेखि विभेद गरेर अलग्गै बस्नुपर्ने, सबैसँग छुन नहुने, जुनसुकै अवस्थामा देखिन नहुने जुन व्यवस्था समाजले निर्माण गरेको छ, त्यसलाई कविले जातको क्वारेन्टाइन भनेका छन् । विराट् पुरुषका समयसमयका क्रियाकलापले गर्दा वर्गीय विभेदमा परेका वर्गले अत्यन्त कष्ट सहनुपरेको सन्दर्भलाई कविले यसरी प्रस्तुत गरेका छन् :

हजारौं वर्षदेखि
यो जातको क्वारेन्टाइनमा बस्दै गर्दा
कतिखेर-कतिखेर विराट् पुरुषको पाइताला
अलिअलि चलेजस्तो लाग्छ
यसरी उसको पाइताला चल्दा
कतिखेर-कतिखेर

स्वास फेर्न अलि सजिलो हुन्छ

त कतिखेर-कतिखेर

प्राण नै फुत्केलाजस्तो गरी गाह्रो हुन्छ ! (निश्चल, २०८०, पृ. २३)

कविका दृष्टिमा जात व्यवस्था हजारौँ वर्ष पुरानो हो । यो लामो समयावधि जात व्यवस्थाले गरेको विभेदमा परेकाहरूले जुन यातना सहनुपरेको देखिन्छ त्यसतर्फ सङ्केत गर्दै कोरोना समयका केही दिन क्वारेन्टाइनमा बस्नुपर्दा मान्छेहरू छटपटाएको र आत्तिएको प्रसङ्गलाई सङ्केत गर्दै युगौँदेखिको जातको क्वारेन्टाइनको पीडालाई अभिव्यक्त गरेका छन् । समयसमयमा जात व्यवस्थाको विरुद्धमा आवाजहरू उठ्ने गरेका देखिन्छन् । कहिले दिव्यपुरुषहरूको जन्म हुँदा कहिले ठूला परिवर्तनकारी आन्दोलनहरू हुँदैगर्दा उठ्ने यस प्रकारका आवाज चेतनशील, उपल्लो वर्गले नै उठाउने गरेको विषयप्रति लक्षित गर्दै त्यसलाई विराट् पुरुषले पाइताला चलाएको मानेका छन् । यसप्रकारका आवाजहरू उठ्दैगर्दा जातीय विभेदको चर्को दलन सहन विवश भएकाहरू परिवर्तनको सङ्केतले केही सहज महसुस गर्दछन् परन्तु ती आवाजहरू केही क्षणमा हराएर जान्छन्, व्यवस्था पुनः यथावत् रहन्छ र त्यो वर्ग फेरि पनि सासै फेर्न नसकिने विभेदको सङ्कीर्ण क्वारेन्टाइनमा खुम्चिएर, साँघुरिएर बस्नुपर्दा प्राण नै फुत्किन्छ जस्तो अवस्था सिर्जना हुने गरेको अभिव्यक्ति कवितामा प्रस्तुत भएको पाइन्छ ।

एउटै समाजमा एउटै प्रक्रियाबाट उस्तै प्रकृतिको जन्म लिने र उही रूप, गुणले युक्त रहने मान्छेमान्छे बीचमा गरिने यसप्रकारको विभेदको कुनै निश्चित कारण र आधार देखिँदैन । यस प्रकारको विभेदको व्यवस्थाको अन्त्य पनि हुँदैन । त्यस्तो कारण रहित विभेदप्रति आश्चर्य प्रकट गर्दै कविले प्रश्न गरेका छन् र भनेका छन् :

किन यो जातको क्वारेनटाइन बनाइएको होला ?

किन मलाई मात्रै समाजबाट अलग्याइएको होला ?

किन मलाई मात्रै यो 'अछुत'मा खसालिएको होला ?

किन मलाई मात्रै यो क्वारेन्टाइनमा बसालिएको होला ? (निश्चल, २०८०, पृ. २२)

लामो समयदेखि समाजमा विद्यमान यसप्रकारको जातीय विभेदको व्यवस्थाप्रति कविले उठाएका यी प्रश्नहरू महत्त्वपूर्ण देखिन्छन् । कुनै व्यक्तिले केही गल्ती वा अपराध गरेका कारण उसलाई समाजबाट बहिष्कार गरिएको हो वा उसको जात खसालिएको हो भने त्यसको निश्चित समय हुनुपर्छ । यदि आजीवन दण्ड नै दिने हो भने पनि सम्बन्धित व्यक्तिमात्र त्यस दण्डको भागीदार हुनुपर्ने हो । परन्तु समाजले वंश र जन्मको आधारमा गर्ने विभेदको कुनै तार्किक आधार देखिँदैन । एउटा व्यक्ति जेसुकै र जस्तोसुकै अवस्थामा भए पनि ऊ एउटा वर्गमा जन्मिएपछि उसले क्षताले, योग्यताले आफ्नो स्थान परिवर्तन गर्न पाउनुपर्नेमा सदासदाका निम्ति वर्ग विभेदको व्यवस्था न तार्किक देखिन्छ न व्यवहारिक देखिन्छ । त्यसैले समाजमा विद्यमान यस प्रकारको व्यवस्थाप्रति कविले उठाएका यी प्रश्न अत्यन्त सान्दर्भिक र अर्थपूर्ण देखिन्छन् ।

समाजमा जुनप्रकारको जात व्यवस्था स्थापित छ, त्यसप्रति कविको पूर्णतः असन्तुष्टि देखिन्छ । कविका अभिव्यक्तिले यसलाई पूर्णतः स्वार्थपूर्ण रहेको विचारअभिव्यक्त गरेको पाइन्छ । युगौँदेखि दमन शोषणपूर्ण अन्याय अत्याचार गर्ने प्रवृत्तिप्रतिको गम्भीर प्रश्नका रूपमा प्रस्तुत भएको यस कवितामा

छोइछिटोका आधारमा उत्पीडन भोग्न विवश पारिएको अवस्थाप्रति प्रतिवाद गर्ने कार्य गरेको पाइन्छ (पन्थ, २०८१, पृ. २१) । मान्छे जन्मनुपूर्व नै उसको लागि जातको व्यवस्थारूपी क्वारेन्टाइन निर्माण गरेर उसप्रति गरिने विभेदप्रति लक्षित गर्दै कविले भनेका छन् :

म जन्मनुअघिदेखि नै
तम्तयार छ- मैले बाँच्नुपर्ने जातको क्वारेन्टाइन
अरु कसैलाई नछोइकनै
एक्लै नाच्नुपर्ने जातको क्वारेन्टाइन
लाग्छ- मेरो जन्मपूर्व नै
'कोरोना सङ्क्रमित' बनाएर
यस पृथ्वीमा पठाइएको छ मलाई
कस्तो आश्चर्य !
बाँकी शरीरलाई कतै नछोइकिनै
केवल सेवा गर्न र आदेश मान्न
पैतालाको रूपमा खटाइएको छ मलाई ! (निश्चल, २०८०, पृ. २३)

मान्छेको क्षमता र उसको योग्यताका आधारमा वर्ग निर्धारण गरिनुपर्छ र त्यसरी वर्ग निर्धारण गर्दा पनि विभेद गरिनु हुँदैन । त्यस्तो अवस्था वा व्यवस्था मानवतावादी हुन्छ । तर हाम्रो समाजले जन्मका आधारमा मान्छेको वर्ग निर्धारण गर्छ र अत्यन्त विभेदपूर्ण व्यवहार गर्छ । त्यस्तो प्रवृत्तिप्रति कविले कटाक्षपूर्ण व्यङ्ग्य प्रहार गरेका छन् । जुन समाजले विभेद गरेर छुनै नहुनेगरी अलग्याउँछ त्यही समाज पुनः आफ्नो आवश्यकताका लागि उनीहरूकै प्रयोग गर्छ । उनीहरूको सेवा लिन्छ; उनीहरूले गरेका कामको प्रतिफलको स्वामीत्व ग्रहण गर्छ तर ती व्यक्तिलाई स्पर्श गर्दैन, गर्नुहुँदैन भन्ने व्यवस्थालाई स्वीकार गर्दै कथित उपल्लो वर्ग भनाउँदाहरूप्रति कविले तीक्ष्ण प्रहार गरेको पाइन्छ । जन्मनुपूर्व नै सरुवा रोगको सङ्क्रमणबाट ग्रसित भएको शिशुलाईझैँ जात व्यवस्थालाई पनि सरुवा रोग ठान्ने प्रवृत्तिलाई कवि निश्चलले व्यङ्ग्य गरेका छन् । यसरी समाजले युगौँदेखि गरेको वर्गीय विभेद र त्यस विभेदका कारण सधैं किनारीकृत भएर अछुत भएर बाच्नुपर्ने अवस्थाप्रति असन्तुष्टि प्रकट गर्दै त्यसप्रति व्यङ्ग्य गरेका छन् । वर्गीय विभेदले निम्त्याएका सीमान्तीय अवस्थालाई प्रस्तुत गरिएकाले प्रस्तुत कविता सीमान्तीय अभिव्यक्तिका रूपमा प्रस्तुत भएको छ ।

वर्गीय विभेदको जुन व्यवस्था समाजले निर्माण गरेको छ; त्यस व्यवस्थाले मान्छेलाई कोरोना सङ्क्रमितलाई जस्तै गरेर छुन नहुने, नजिक हुनै नहुनेगरी व्यवहार गर्नुको कुनै तार्किकता र सान्दर्भिकता नरहेको विषयलाई कविले उठाएका छन् । समाजले व्यवस्था गरेअनुसारको जातीय व्यवस्थामा तल परेकाहरू अर्थात् दलित भनाइनेहरूले कथित उपल्लो जात भनिनेहरूलाई स्पर्श गर्दा, नजिक हुँदा उसको भौतिक स्वरूपमा, शरीरमा र स्वास्थ्यमा कुनै प्रभाव पर्दैन । स्पर्शले कुनै पनि प्रभाव नपर्ने भएपछि छुनै नहुने व्यवस्थाको कुनै अर्थ नरहेको कुरा कविले अभिव्यक्त गरेका छन् ।

म स्वस्थ छु

कसैलाई मैले छुँदैमा कोरोना सर्दैन

मैले छोएको खाँदैमा कोही पनि अकालैमा मर्दैन ।

नपत्याए मेरो पिसिआर टेस्ट गरियोस्

र, रिपोर्ट हेरियोस्

अनि यो जातको क्वारेन्टाइनबाट मलाई

सदासदाका निम्ति विदा गरियोस् ! (निश्चल, २०८०, पृ. २३)

प्रस्तुत कवितांशमा कविले जात व्यवस्था विज्ञानसम्मत नरहेको तर्क प्रस्तुत गरेका छन् । समाजमा विद्यमान जातीय व्यवस्थाले कुनै वैज्ञानिक आधार प्राप्त गरेको छैन । यो व्यवस्थाले कुनै पनि आधारमा व्यक्ति, समाज र समुदायलाई हित गर्दैन भन्ने कविको यथार्थ अभिव्यक्ति प्रस्तुत भएको पाइन्छ । जब यस व्यवस्थाले कुनै हित गर्दैन र यो व्यवस्था विज्ञानसम्मत छैन भने यस प्रकारको व्यवस्था कथित उपल्लो भनाउँदाहरूले नितान्त आफ्नो स्वार्थका निम्ति चलाएको तर्क कविको देखिन्छ । यसप्रकारको तर्कहीन, आधारहीन जात व्यवस्थालाई भत्काएर समाजलाई समतामूलक तुल्याउनुपर्ने र समाजलाई सदासदाका निमित्त जातीय व्यवस्थामुक्त तुल्याउनुपर्ने तर्कपूर्ण विचार कविले अभिव्यक्त गरेको पाइन्छ ।

समाजले, समाजका कथित उपल्लो वर्ग भनाउँदाहरूले जसले आफूलाई विशिष्ट वर्ग ठान्छन्, कविका शब्दमा विराट् पुरुष ठान्छन् तिनको हृदयमा क्लेष, द्वेष, र विभेद भएका कारणले नै यो व्यवस्था कायम रहेको विचार अभिव्यक्त भएको छ । जुन दिन यी भावहरू हटेर हृदयमा प्रेम र सद्भावको उदय हुन्छ त्यसदिन आफूले युगौंदेखि गर्दै आएका विभेदपूर्ण व्यवहारप्रति पश्चाताप हुन्छ र आँखाबाट आँसु खस्छ भन्ने कविले ठहर गरेका छन् । त्यसरी आएको मानवीय परिवर्तनलाई रेकर्ड गरेर युगयुगले हेर्नुपर्ने, हेरिरहनुपर्ने कविको दृष्टिकोण रहेको छ । जातीय व्यवस्थाको अन्त्य र त्यसको विदाइको अवस्थाको कामना गर्दै कविले भनेका छन् :

विराट् पुरुषको हृदयमा प्रेम कोरियोस्

उसका नयनमा पश्चातापका आँसु भरियोस्

भिडियो रेकर्ड गरी उक्त विदाइको

हेरियोस् सयौं वर्षपछि त्यो ! (निश्चल, २०८०, पृ. २३)

एकातर्फ कविले जातीय व्यवस्थाले उत्पन्न गरेको युगौंदेखिको विभेदको अन्त्य उच्च वर्गका भनिने व्यक्तिबाट नै हुनुपर्ने भाव अभिव्यक्त गरेका छन् भने त्यो परिवर्तन देखावटी नहोस्, अन्तर्हृदयबाट नै यो व्यवस्था गलत हो भन्ने स्वीकारोक्तिका साथ पश्चाताप बोध गर्दै हुनुपर्ने भाव अभिव्यक्त गरेका छन् । हिँजोका दिनमा समेत यस्ता आवाज उठ्ने तर ती समयसँगै सेलाएर जाने हुनाले भोलिका दिनमा पुनः जातीय विभेदको व्यवस्था सक्रिय नहोस् भन्ने कामना कविको रहेको देखिन्छ । यो व्यवस्था नफर्कियोस् र जातीय विभेदमुक्त समाज युगौंसम्म कायम रहोस् भन्ने कामनाका लागि त्यसको भिडियो रेकर्ड गरी युगौंले हेरिरहनुपर्ने कामना कविबाट भएको छ । कविले परिवर्तनकारी यस प्रकारको कामना गरेको भए पनि वर्तमान अवस्था र जातीय व्यवस्था चरम निरङ्कुशतावादी भएको ठहर गरेको पाइन्छ । वर्तमान अवस्थामा विराट् पुरुष अर्थात् उच्च भनाउँदो वर्गमा जातीय व्यवस्थालाई अन्त गर्नेतर्फ चिन्तन हुनुको साटो यस व्यवसथालाई दिगो तुल्याउनेतर्फ सक्रिय रहेको सङ्केत कविले यसरी गरेका छन् :

‘विराट् पुरुषका’ पाइला टक्क अडिएका छन्
‘शूद्र’का टाउका तिनकै चरणमा ठोकिएका छन्
र पनि तिनैद्वारा ‘विराट् पुरुष’ बोकिएका छन्
तर, तिनकै निधारको सबै भाग्यरेखा मेटिएका छन् (निश्चल, २०८०, पृ. २४)

कविले कविताको आरम्भिक अंशमा विराट् पुरुषका पाइला चल्दा सास फेर्न सजिलो हुने गरेको र पाइला स्थिर हुँदा सास फेर्न गाह्रो हुने गरेको सन्दर्भ प्रस्तुत गरेका छन् । त्यस अनुसार प्रस्तुत कवितांशमा विराट् पुरुषका पाइला टक्क अडिनु भनेको जातीय व्यवस्था र त्यसले गर्ने उचनीचको विभेदकारी व्यवस्थालाई स्वीकार गर्दै त्यही व्यवस्थाप्रति तटस्थ रहेको अवस्थाप्रति सङ्केत गरिएको देखिन्छ । दास मनोवृत्तिका विराट् पुरुष अर्थात् उच्च वर्गले विभेद व्यवस्थालाई बलियो तुल्याउनुका साथै त्यही बलियो व्यवस्थामा टेकेर तल्लो जात वा सीमान्त वर्गमाथि शासन गरेको र शोषण गरेको सन्दर्भलाई सङ्केत गरेको पाइन्छ । कथित दलित भनिएका सीमान्त वर्गको श्रम शोषण गरेर उनीहरूका श्रम र पसिनाले आफूलाई बलियो तुल्याउने वर्गले उनीहरूको भाग्यको र कर्मको दोहन गरिरहेको विषयलाई कवितामा अभिव्यक्त गरिएको छ । यसप्रकार जातीय विभेदको व्यवस्थालाई स्थिर र बलियो तुल्याइरहेको कथित उच्च वर्ग अर्थात् विराट् पुरुषलाई यस प्रकारको स्थिरता भङ्ग गरी गतिशील हुन अनुरोध गरेका छन् । समाजमा कलङ्कका रूपमा रहेको जातीय विभेदको व्यवस्थालाई उन्मुलन गर्न सक्रिय रहन आग्रह गर्दै कविले विनम्रताका साथ भनेका छन् :

हे ! विराट् पुरुष
तपाईँ अब हिंड्नुपर्‍यो
जातको यो दुर्गन्धित दलदल
र, छुवाछुतको यो कालो कलङ्क
तपाईँले सधैंका लागि छोड्नुपर्‍यो
तपाईँले पाइला चालेपछि नै
कतै राम्ररी सास फेर्न पाउँछु कि ?
अलि पर पुगेपछि
कतै न्यायपूर्ण समाज हेर्न पाउँछु कि ?
यो ‘अछुत’ जीवन कतै फेर्न पाउँछु कि ? (निश्चल, २०८०, पृ. २३)

विराट् पुरुषको गतिहीनता र स्थिरताकै कारण समाज जातीय व्यवस्था र विभेदले ग्रस्त भएको हो भन्ने ठहर माथिको कवितांशमा भएको पाइन्छ । समाजमा विद्यमान यसप्रकारको व्यवस्थालाई कविले जातको दुर्गन्धित दलदल भनेका छन् र छुवाछुतको कालो कलङ्क भनेका छन्। यसप्रकारको दुर्गन्धित दलदल र कालो कलङ्कबाट समाजलाई मुक्त तुल्याउने मुख्य आधारका रूपमा विराट् पुरुषलाई मान्दै गतिहीन हुन आग्रह गरेको पाइन्छ । विराट् पुरुषले पाइला चालेमा अर्थात् जातीय विभेदको अन्त्यका निम्ति क्रियाशील भएमा मात्र जातीय रूपमा पछि परेका वा तल परेकाहरूले सास फेर्न पाउँने र उनीहरूले न्यायपूर्ण जीवन बाच्न पाउँने अवस्थाको सिर्जना हुन्छ भन्ने भाव कविको रहेको छ र यसरी उपल्लो वर्गबाट परिवर्तनको लागि प्रयास भएमा तल्लो वर्गकाले अछुत भनेर गरिने विभेदबाट मुक्ति पाउँने अपेक्षा कविले गरेका छन् ।

उपल्लो जातको वर्गले नै जातीय व्यवस्थालाई परिवर्तन गर्नेतर्फ पहल र प्रयास गर्नुलाई कविले समाजमा जातीय व्यवस्था उन्मुलनको सहज मार्ग ठानेका छन् । यदि माथिल्लो वर्गबाट त्यस कार्यमा संवेदनशील भएर कार्य नगरिएमा परिवर्तनका लागि विभेदमा परेकाहरूले विद्रोह गर्न सक्ने चेतावनी दिँदै कविले भनेका छन् :

यदि हजुरले पाइला चाल्नुहुन्न र
जातको क्वारेन्टाइनबाट निस्कन यदि पाउन्न भने
तपाईँलाई आइसोलेसनमा राखेर
राम्रोसँग 'उपचार' गर्नुपर्ने हुन्छ
तपाईंको हृदय अनि रगतको कणकणमा
मानवताको प्राणवायु राम्रोसँग भर्नुपर्ने हुन्छ
अन्यथा जातको क्वारेन्टाइनकै कारण
अकालमै मर्नुहुनेछ तपाईँ
र वर्णाश्रम-विषाणुकै कारण
बिस्तारै सड्नुहुनेछ तपाईँ ! (निश्चल, २०८०, पृ. २४)

कविले विराट् पुरुष भनी सङ्केत गरिएका माथिल्लो वर्गले परिवर्तनको निम्ति प्रयास नगरेमा र वर्तमान यथास्थितिमै जातीय व्यवस्थालाई स्थिर राख्ने प्रयत्न गरेमा त्यसको विरुद्धमा विद्रोह गर्ने सङ्केत कवितामा प्रस्तुत भएको छ । फलस्वरूप कोराना सङ्क्रमितलाई आइसोलेसनमा राखेर उपचार गरेजस्तै गरी हृदयमा र रगतका कणकणमा जुन जातीय विभेदका किटाणु छन् तिनलाई मार्न मानवताको प्राणवायु भर्ने कार्य गर्ने चेतावनी दिएका छन् । यसरी मानवताको प्रभाव नपरेमा वर्णाश्रम व्यवस्थामा रहेको जातीय विभेदरूपी विषाणुको प्रभावले सड्दै जाने चेतावनी कविले दिएका छन् । अर्थात् समाजमा विद्यमान जातीय विभेदको कुरूप र घृणित व्यवस्था अन्त्यका लागि विभेद गरिरहेको वर्गले पहल गर्नुपर्ने र त्यसो नभएमा स्वयं विभेदमा परेका वर्गले आफ्ना हकहित र अधिकारका लागि सङ्घर्ष गर्ने वा गर्नुपर्ने चेतावनीपूर्ण अभिव्यक्तिमा कविता समाप्त भएको छ । यसप्रकार कोरोना सङ्क्रमण व्यक्तिसँगको अस्पृश्यताको सन्दर्भसँग दलित वर्गप्रति गरिने छुवाछुतको विभेदपूर्ण व्यवहारलाई समीकरण गर्दै कोरोनालाई नेपाली समाजमा विद्यमान जातीय छुवाछुतसँग, पिसिआर टेस्ट गर्ने कार्यलाई मान्छेमा अन्तर्निहित मानवीय सद्भावको परीक्षणसँग तथा क्वारेन्टाइनलाई जातव्यवस्थासँग समीकरण गर्दै कोरोना सङ्क्रमितलाई स्वस्थ व्यक्तिले नछोएजस्तै दलितलाई नछुने र विभेद गर्ने प्रवृत्तिलाई प्रतीकात्मक तथा बिम्बात्मक रूपमा प्रस्तुत गरिएको पाइन्छ (गौतम, २०८०, पृ. ४) । अतः प्रस्तुत कवितामा कोराना सङ्क्रमणकालमा सङ्क्रमितलाई अलग्गै राखेजस्तै दलितलाई युगौँदेखि अलग गर्ने गरिएको र त्यही कारण उनीहरू सीमान्तवर्गमा परेको विषय कवितामा उठाएको पाइन्छ । यसरी गरिने जातीय विभेदको कुनै वैज्ञानिक तथा तार्किक आधार नभेटिनुका कारण यसलाई अन्त्य गर्नुपर्ने र विभेदमुक्त समाज निर्माण गर्नुपर्ने आग्रह कविको रहेको देखिन्छ । कविले प्रथमपुरुष कथन पद्धतिको प्रयोगद्वारा कविता प्रस्तुत गरेका छन् । अतः सीमान्त वर्गका आवाजको रूपमा कविता प्रस्तुत भएको पाइन्छ ।

## निष्कर्ष

आर.बी. निश्चलको 'विराट् पुरुष र जातको क्वारेन्टाइन' कविता जातीय विभेदले ग्रस्त समाजलाई विषय बनाइएको रचना हो । विभेदमा परेका वर्गले विभेद उन्मुक्त समाजको कामना गरेको भाव अभिव्यक्त भएकाले कवितामा सीमान्तीय चेतना प्रस्तुत भएको छ । निश्चलको *उल्टो धार* कवितासङ्ग्रहमा समाविष्ट अड्चालिसवटा कवितामध्ये चौथो क्रममा रहेको प्रस्तुत रचना कोरोना, क्वारेन्टाइन र आइसोलेसनलाई बिम्बका रूपमा प्रस्तुत गरी त्यसका माध्यमबाट छुवाछूतको विषयलाई उठाइएको सुन्दर कविता हो । आफ्ना कविताहरूमा जातीय विभेदका विषयलाई उठाउँदै आइरहेका निश्चलले यस कवितामा त्यस विषयलाई अझ बढी सशक्त रूपम उठाएका छन् । कोरोना सङ्क्रमित हुनसक्ने आशङ्कामा मान्छेलाई क्वारेन्टाइनमा राखेजस्तै युगौँदेखि जातीय व्यवस्था कायम गरी मन्छेलाई छुन नहुने व्यवस्थाले विभेदकारी व्यवहार गरेको कुरा कवितामा उठाइएको छ । यसप्रकारको जातीय व्यवस्थाको कुनै वैज्ञानिक, वस्तुपरक र तार्किक आधार नरहेकाले यो कार्य मानवताका दृष्टिले निन्दनीय रहेको ठहर कविले गरेका छन् । कविले यसप्रकारको विभेदपूर्ण जातीय व्यवस्था निर्माण गर्ने र त्यसका आडमा दलित वर्गप्रति अन्याय अत्याचार गर्ने उपल्लो वर्गलाई विराट् पुरुषको संज्ञा दिएका छन् । त्यस वर्गले समयसमयमा जातीय व्यवस्था उन्मुलनका विषयमा आवाज उठाउँदा जातीय दृष्टिले सीमन्तीय वर्गलाई सास फेर्न सजिलो हुने गरेको तर जब यो व्यवस्था सक्रिय हुन्छ सासै फेर्न अप्ठेरो हुने गरेको विषय कवितामा अभिव्यक्त गरिएको छ । कविले कुनै पनि आधारमा वैज्ञानिक नरहेको यस्तो व्यवस्थालाई अन्त्य गर्न कथित विराट् पुरुष भनिने वर्गलाई अनुरोध गर्दै अन्यथा त्यसका विरुद्धमा विद्रोह गर्ने र त्यसले उपल्लो वर्गलाई नै वर्णाश्रम नामको विषाणुले नष्ट गर्ने चेतावनी दिएका छन् । प्रस्तुत कविता समाजमा विद्यमान जातीय विभेदको व्यवस्थालाई कोरोनासङ्क्रमणको अवस्थासँग जोडेर कोरोनासङ्क्रमितलाई क्वारेन्टाइनमा राखेजस्तै अछुतका रूपमा विभेदका कारण पछाडि परेका वर्गको आवाज उठाइएकाले यो सीमान्तीय अभिव्यक्तका दृष्टिले महत्त्वपूर्ण कविताका रूपमा प्रस्तुत भएको छ ।

## सन्दर्भसूची


उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा.* अक्षर क्रियसन्स ।

गैरे, शंकरप्रसाद (२०७८-२०७९), 'पिंधको मान्छे कवितामा सीमान्तीय अभिव्यक्ति'. *प्रज्ञा.* १२३ (१). पृ. १८७-१९७ । https://doi.org/10.3126/prajna.v123i1.62650

गौतम, लक्ष्मणप्रसाद (२०८०). 'समय र समाजको सम्बोधनमा द्रष्टा र भोक्ता अनुभूतिका सघन कविता' आर्.बी. निश्चलको *उल्टो धार.* फिनिक्स बुक्स ।

निश्चल, आर.बी. (२०८०). *उल्टो धार.* फिनिक्स बुक्स ।

पन्थ, टंकप्रसाद (२०८१). 'उल्टो धार कवितासङ्ग्रहमा सीमान्तीयता'. *प्रज्ञान.* ८ (१). पृ. १७-३३ . https://doi.org/10.3126/pragyan.v8i1.67659

श्रेष्ठ, तारालाल (२०६८). *शक्ति, स्रष्टा र सबाल्टर्न* दोस्रो संस्क.. डिस्कोर्स पब्लिकेसन ।

सुवेदी, अभि (२०७८). तारालाल श्रेष्ठकृत *शक्ति, स्रष्टा र सबाल्टर्न* दोस्रो संस्क.. डिस्कोर्स पब्लिकेसन ।

Louai, E.H. (2012). Retracing the concept of the subaltern from Gramsci toSpivar : Historical developments and new applications. *A frican lournal of History and Culture,* 4 (1), p. 4-8.